नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल हज समितिको सचिवालयको सूचना !

२०७६ साल (सन् २०१९) मा साउदी अरबको मक्का-मदिनामा हज गर्न जान चाहने ईच्छुक नेपाली मुसलमानहरुले देहाय अनुसारका कागजातहरु संलग्न राखी मिति २०७५साल पुष ०२ गते देखि २०७५ साल पुष २३ गते सम्म सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुमा रितपूर्वकको आवेदन फारम पेश गर्न नेपाल हज समितिको मिति २०७५/०८/२८ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । समयमै सम्बन्धि जिल्ला प्रशासन कार्यालयहरु मार्फत अनिवार्य रुपमा राहदानी (MRP) सहित देहाय बमोजिमका काजातहरु साथ राखी आवेदन पेश गर्नुहुन जानकारी गराइएको छ। साथै गत बर्ष सन् २०१८ मा हज गर्न जान नपाएका हजयात्रीहरुलाई प्राथमिकतामा राखी बाँकी आवेदकहरु मध्ये पहिले आवेदन गर्ने व्यक्तिहरुलाई दोस्रो प्राथमिकता दिइने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी गराइएको छ ।

आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरुः

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि — १

२. सक्कलै राहदानी (MRP) – १

३. राहदानी (MRP) को प्रतिलिपि-१( राहदानी बाहकको पूर्ण बिबरणः नाम, ठेगाना, जन्म मिति, लिङ्ग(महिला/पुरुष) तथा कार्यालयको छाप र हस्ताक्षर ठीक भए नभएको एकिन भएको)

४. हवाई टिकट र साउदी अरबमा लाग्ने घर भाडा, परिवहन खर्च, मौल्लिम दस्तुर र यस बर्ष देखि खाना खर्च (नास्ता बाहेक) समेत एकिन भएपछि थप रकम पुनः दाखिला गर्ने गरि हाललाई राष्ट्रिय वाणिज्य बैंक सिंहदरवार शाखामा रहेको नेपाल हज समिति चल्ती खाता नं. ११३००००३९६०१ मा अथवा सनराईज बैंक पुतालिसडक शाखामा रहेको नेपाल हज समितिको चल्ती खता नं. ०२२०५२०६१२६० १००१ मा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य बैंकको तथा सनराईज बैंकको कुनै पनी शाखावाट रु १,२५,०००/-( एक लाख पच्चीस हजार मात्र ) जम्मा गरी जम्मा गर्ने व्यक्ति (आवेदन) को नाम उल्लेख गरेको सक्कलै भौचर -१

५. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति र अटो साइजको फोटो २ प्रति (प्रत्येक फोटो पछाडी नउड्ने मसिले नाम र ठेगाना स्पष्ट उल्लेख हुनुपर्ने)

६. महिला आवेदनको हकमा निजको साथमा मुस्लिम परम्परा अनुसार मेहरम भै हज गर्न जाने निजका (पति, बुवा, दाजु, भाई, छोरा वा छोरी ज्वाई मध्ये कुनै एकसँग) नाता खुल्ने कागजात र राहदानीको प्रतिलिपि समेत -१

७. राहदानी (MRP) नबनाईएका व्यक्तिहरुले जिल्ला प्रशासन कार्यालयमा समयमै सम्पर्क गरी राहदानी (MRP) बनाई निवेदन पेश गर्नुपर्नेछ । जिल्ला प्रशासन कार्यालयहरुले पनि हजयात्रीहरुको राहदानी बनाउन प्राथमिकता दिई सहयोग गरि दिनुपर्ने छ।

८. ३ वर्ष भित्र हज गर्न नगएको व्यक्ति हुनु पर्ने ।

९. ७५ वर्ष भन्दा माथिको व्यक्ति आवेदक भएमा निजको साथमा १ जना सहयोगी व्यक्ति राख्नुपर्ने (अशक्त र रोगी भएको व्यक्ति नहुनु पर्ने) ।

पुनश्चः गत वर्ष हज यात्रा गर्न जान नपाएका ५४४ जना हाजीहरुले सन् २०१९ मा हज गर्न चाहेमा निजले रकम फिर्ता नलिएको खण्डमा एक प्रति फारम, भौचरको प्रतिलिपि र २ प्रति फोटोका साथ आफु हज गर्न जान चाहने व्यहोरा उल्लेख गरिएको निवेदन संगलन राखि जिल्ला प्रशासन कार्यालयमा पुनः आवेदन गर्नुपर्ने छ । पुनः निवेदन नदिएका व्यक्तिलाई हजयात्रामा समावेश नगरिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।साथै गत वर्ष रु १,००,०००/-(रु एक लाख मात्र)जम्मा गरेको आवेदकहरुले थप रु २५,०००/-(रु पच्चीस हजार मात्र )जम्मा गरी सक्कल भौचार निवेदनसाथ पठाउनु पर्ने छ ।

फोन नं. ०१- ४२२३८८५
01- 4223885